## सम्पादकीय

# नहोस् युवा विनाको युवा दिवस

भविष्यको सुन्दर सपना देख्दै विदेश मोहमा हरेक दिन त्रिभुवन विमानस्थलमा युवाहरूको लाईन बढिरहेको छ। यो क्रम हरेक दिन थपिँदै गएको छ। संयोग आज विश्व युवा दिवस नेपालमा पनि मनाईदैछ। नेपालमा यो दिवस मनाउँदै गर्दा युवाहरू भने नेपालमा रोजगारीको अवसर नपाउँदा विदेशी भूमिमा अवसर खोज्न दौडिरहेका छन्। युवाहरूमा विदेश मोह रहरभन्दा पनि बाध्यता वनिरहेको छ। पछिल्लोसमय यस्तो लाग्छ पूरै देश बाहिरिइरहेको छ। त्यसमा पनि युवाहरूमा देखिएको छटपटीले विदेशको आकर्षण कति छ भन्ने चरितार्थ गरिरहेको छ। विदेश जानेहरूका आँखामा सिंगो देशको अवस्था बोलिरहेको भान हुन्छ। अर्थात नेपालमा युवाले सोंचेजस्तो अवसर छैन। जसका कारण हरेक युवाको गन्तब्य विदेश वनिरहेको छ। वैदेशिक रोजगार विभागका अनुसार हाल ६५ लाखभन्दा बढी नेपालीले विदेशलाई गन्तब्य बनाएका छन्। २०६५ सालदेखि २०८२ को असार मसान्तसम्ममा नेपालबाट ८९ लाख ७५ हजार २६६ जनाले वैदेशिक रोजगारीमा जानका लागि श्रम स्वीकृति लिएको विभागको अभिलेखबाट देखिन्छ। यसले के देखाउँछ भने नेपालीहरू रोजगारीको खोजीमा विदेशिने क्रम रोकिने अवस्था छैन। गत आर्थिक वर्ष २०८१/८२ मा मात्रै ८ लाख ३९ हजार २६६ जनाले श्रम स्वीकृति पुन श्रम स्वीकृति लिएर वैदेशिक रोजगारीमा गए। कोरोना महामारीको समय निकै कम भएको वैदेशिक रोजगारीमा जाने श्रमिकहरूको दर त्यसयता हरेक वर्ष बढ्दो छ। पछिल्लो पाँच वर्ष २०७७ को असारदेखि २०८२ को असार मसान्तसम्ममा ६० लाख ४८ हजार ६७८ नेपाली रोजगारीका लागि विभिन्न मुलुकमा गएको वैदेशिक रोजगार विभागको तथ्यांकले देखाएको छ। वास्तवमा यो भयावह अवस्था हो। नेताहरू अब नेपालमै बस्नुपर्छ। नेपालमै अवसर खोजी गर्नुपर्छ भन्छन तर कहाँ छ रोजगारीको अवसर ? नेपालमा के गरेर बस्ने ? एउटा उद्योग खोल्न एक बर्ष चक्कर काटनुपर्दछ। सानो किसान परिवारले कृषि फर्म खोल्न ऋण माग्न जाँदा सरकारी बैंकका कर्मचारीलाई दक्षिणा नदिईकन कामै बन्दैन। एउटा उद्योगले बर्षमा १० पटक सरकारी कार्यालयमा कर तिर्नुपर्ने अवस्था छ। नेपालमा रोजगारी गर्ने र अवसरको खोजीगर्ने भन्दा पनि विदेशिने क्रम बढ्नुको एउटा कारण यो पनि हो। युवालाई रोक्ने नारामा होइन, अवसरले हो। नेपालमै प्रशस्त अवसर हुने हो भने विदेश रहर कोही कसैको लागि प्रिय होइन। युवा दिवसको अवसरमा हरेक बर्ष युवालाई रोजगारी र अवसरसंग जोड्ने कुरा उठ्ने गर्दछ। दिवस मनाउँदै गर्दा युवालाई अवसर र नेतृत्व दिने कुरा अव बहसमा मात्रै होइन कार्यान्वयनमा नै आउनु जरुरी छ। त्यसो त नेपालमा युवालाई राजनीतिक अवसर र पहुँच दिने सवालमा अझैपनि आनाकानी हुने गरेको छ। युवालाई राजनीतिदेखि रोजगारी, उद्यम, कृषि सवैतिर बाटो छेक्ने काम भैरहेको छ। लाखौं युवा अझैपनि अवसरबाट बञ्चित छन्। उनीहरू शिक्षा र स्वास्थ्यको पहुँचबाट टाढै छन्। तिनलाई सही दिशामा अघि बढाउने सवालमा अझैपनि ठोस योजना छैन्। निश्चितरूपमा पछिल्लोसमय युवाहरूमा चेतनाको विकास भैरहेको छ। यो खुसीको कुरा हो। आर्थिकरूपमा सम्पन्न युवाहरू राजनीतिसंग जोडिनेक्रम बढिरहेको छ। ढिलोचाँडो कुरा मात्रै हो- अवको भविष्य युवाकै काँधमा छ। अव देशका लागि युवाहरूको निर्णायक नेतृत्व आवश्यक छ। देश विकासमा उनीहरूले नेतृत्वदायी भूमिका निर्वाह गर्न सक्छन तर बिडम्बना अहिलेसम्म उनीहरूलाई अवसर दिने कुरा कताकता धुमिल भैरहेको छ। अबको दिनमा युवालाई नेतृत्वको अवसर दिन ढिलाई गर्नु हुँदैन। विश्व युवा दिवसको अवसरमा युवाहरूमा पनि त्यो शक्ति जागोस्।

# बर्षातको समयमा पानीजन्य रोग र जोखिम



भोजराज पोखेल




आजभोलिको यो समय बर्षा तथा गर्मीको समय भएको कुरा सर्बबिदितै छ। बिशेष गरी यो समयमा गर्मी र दुषित पानीका कारण बिभिन्न पानीजन्य रोगहरू लाग्न सक्ने संभावना अधिक रहन्छ। त्यसकारण गर्मी तथा पानीजन्य रोगबाट जोगिन निम्न अनुसारका उपायहरू अपनाउन आम जनमानसमा अनुरोध छ। यसले "म जोगाउँछु मेरो स्वास्थ्य" र "आफ्नो स्वास्थ्यको आफै जिम्मेवारी" भन्ने भनाईलाई सार्थक बनाउँछ। पानीजन्य रोगबाट बच्न सबैभन्दा महत्वपूर्ण र सजिलो उपाय भनेको पानी राम्रोसँग उमालेर पिउने। (कम्तिमा १ मिनेटसम्म भकभकी उम्लिएको हुनुपर्दछ)। अत्याधिक गर्मीका कारण थकाई लाग्ने, कमजोरी हुने, बढी तिर्खा लाग्ने, टाउको दुख्ने, खुट्टा बाँउडिने, चक्कर आउने, बेहोस हुने मांसपेशीहरू दुख्ने, बान्ता हुने जस्ता लक्षणहरू देखिन सक्ने भएकाले यस्ता समस्या देखिएमा नजिकको स्वास्थ्यकर्मी वा स्वास्थ्य संस्थामा तुरुन्त सम्पर्कमा रहि आफ्ना समस्या समाधानको लागि थप सल्लाह सुझाव लिने गर्नुपर्दछ। सधै खाना बनाउनु, खाना खानु, बिरामीलाई छुनु र बच्चालाई खाना खुवाउनु अघि र चर्पीको प्रयोग गरिसकेपछी, बिरामीको स्याहार गरीसकेपछि, बिषादी प्रयोग गरीसकेपछि बाहिरबाट घर आईसकेपछि साबुन पानीले मिचिमिची हात अनिबार्य धुनुपर्दछ। उच्च गर्मी तापक्रमबाट बच्नको लागि अत्याधिक गर्मीको समयमा घरभित्र अर्थात चिसो स्थानमा बस्नुपर्दछ। पानीको मुहान वरिपरी तारजाली लगाउने र पानी दुषित हुन नदिन खुल्ला दिसा पिसाव गर्न तथा गाईभैंसी मुहानमा आउन नदिने। नियमित रूपमा पानी तथा झोलिलो पदार्थ फलफूलको रस, जुस तथा सर्बत प्रसस्त मात्रामा पिउनुपर्दछ। खेतबारीमा तथा अन्य मेलापातका कामहरू सकभर बिहान वा बेलुकाको समय मिलाएर गर्नुपर्दछ।

सम्भव भएसम्म रुखको छहारी मुनि, सितल ठाउँमा, चिसो ठाउँमा वा पंखा भएको ठाउँमा बस्नुपर्दछ। उच्च गर्मी तापक्रमबाट जोगीनको लागि चिसो पानीले नुहाउने, आवश्यकता अनुसार चिसो पानी पट्टीको प्रयोग गर्नुपर्दछ। सडेगलेका बासी तथा काँचो खानेकुरा, बजारमा माखा लागेका खाद्य पदार्थहरू प्रयोग नगर्ने वा नखाने। उच्च गर्मी तापक्रमबाट बच्नको लागी सकभर दिउँसोको समयमा घर अफिसबाट बाहिर ननिस्कने। यदी बाहिर निस्कनै परेमा पातलो कपडाले टाउको छोप्ने, हल्का तथा सुतिका कपडा लगाउने, टोपी लगाउने वा छाताको प्रयोग गर्ने। खाना राम्रोसंग पकाएर मात्र खाने बानी बसाल्नु पर्दछ। फलफूललाई सफा पानीले राम्ररी धोएरमात्र खानुपर्दछ। सतही तथा जमिनको पानीको शुद्धता सम्बन्धित निकायमा गएर चेक गराएर उक्त पानीको प्रयोग गर्ने। दुषित देखिएमा क्लोरीनको प्रयोग गरी शुद्ध गराई प्रयोग गर्ने। मदिरा सेवन, चियाकफी सोडा जस्ता पेय पदार्थ, चिनीको मात्रा बढी भएको झोल पदार्थ सकभर प्रयोग नगर्ने। अति नै आवश्यक परेको बेलामा वा ट्रेकिङ वा हाईकिङमा जाँदा क्लोरीन ट्याब्लेट वा झोलले पानी शुद्ध बनाएर पिउने।

> गर्मीको समयमा बिहान वा बेलुका एकपटक पकाएर फ्रिजमा राखेको दाल, भात, रोटी, तरकारी जस्ता खाद्य पदार्थहरु साँझ बिहान प्रयोग नगर्ने जस्ता साबधानी अपनायौं भने उच्च गर्मीको तापक्रम वा पानीजन्य रोगबाट हुन सक्ने समस्याबाट घरयासी तहबाटै बच्न वा जोगीन सकिन्छ ।

किटजन्य रोगबाट बच्न घरायसी तथा वातावरणीय सरसफाई गर्ने। लामखुट्टेले फुल पार्ने ठाउँ तथा पानी जम्मा हुने ठाउँ जस्तै टायर, सिसी बोत्तल आदी हटाउने, घर वरपरका खाल्डाखुल्डी पुर्ने। लामो समयसम्म फ्रिजमा राखिएका खाद्यपदार्थहरू, धेरै चिसो बनाएर राखेको पानी, कोक फेन्टाहरूको प्रयोग पनि सकभर नगर्ने। लामखुट्टे तथा अन्य किटजन्य रोगबाट जोगिन लामो बाहुला भएको कपडा लगाउने। पूरा शरीर ढाक्ने, अनावस्यक साँझ वा राती बाहिर नजाने। जानै परे लामखुट्टे भगाउने क्रिम लगाउने। झुलको प्रयोग गर्ने। घरभित्र किटनासक झोल छर्ने। जम्मा भएको पानीमा लामखुट्टेको लार्भा खाने माछा पाल्ने। पानीका स्रोतहरूलाई ढाक्ने। फोहोर पानीमा अनावश्यक रूपमा नखेल्ने।

गर्मीको समयमा बिहान वा बेलुका एक पटक पकाएर फ्रिजमा राखेको दाल, भात, रोटी, तरकारी जस्ता खाद्य पदार्थहरू साँझ बिहान प्रयोग नगर्ने जस्ता साबधानी अपनायौं भने उच्च गर्मीको तापक्रम वा पानीजन्य रोगबाट हुन सक्ने समस्याबाट घरयासी तहबाटै बच्न वा जोगीन सकिन्छ। अन्त्यमा गर्मी मौसम र पानीजन्य रोगका कारणबाट मानव शरिरका बिभिन्न भागमा पर्न जाने असरलाई माथी उल्लेखित महत्वपूर्ण सन्देशहरूलाई मध्यनजर राख्दै आफ्नो स्वास्थ्यको जिम्मेवारी आफै नै हुनुपर्दछ। म जोगाउँदछु मेरो स्वास्थ्य भन्ने मुलमन्त्रलाई आत्मसाथ गर्दै भनाई र सुनाईलाई ब्यवहारमा लागू गर्नु अत्यन्तै महत्वपूर्ण मानिन्छ। साथै मौसम अनुसारका शरिरलाई फाईदा पुग्ने खालका ड्रेसहरू लगाउने। पुरानो परम्परा र लोक साँस्कृतिक झल्काउने खालका कपडाहरूको प्रयोग गर्ने। धर्म र सँस्कृतिलाई मध्यनजर राखेर मात्र कपडाहरूको प्रयोग गरेमा शुद्ध पानी र स्वस्थ्य खानाको प्रयोगबाट हाम्रो शरिरलाई लाग्ने अधिकाशं रोगहरूबाट बच्न सकिन्छ। साथै बर्षाको समयमा गाउँ, टोल, बस्ती र सडकहरूमा ढल निकासको राम्रो ब्यवस्था गर्ने, पानीका मुहानहरूको नजिक दिशा पिसाब गर्न र गाई बस्तु चराउन रोक लगाउने गर्नुको साथसाथै सरोकारवाला निकायमा रहेका सम्पूर्ण सरोकार वालाहरूले विकासलाई बिनासमा नढाली आवश्यकतालाई मध्यनजर गरी सडक बनाउने र भत्काएका सडकहरू तुरुन्त मर्मत गर्ने। पटक पटक सडकका मापदण्ड भत्काउदै भन्दा आवश्यकीय मापदण्ड छनौट गरी भत्काउनु पर्ने क्षेत्रलाई एकपटक मात्र भत्काई तत्काल त्यसलाई निर्माण गर्ने कार्यमा सम्पूर्ण सरोकारवालाहरू लाग्ने हो। सम्पूर्ण नागरिकले आफूलाई एउटा सचेत नागरिकमा परिभाषित गर्न आ-आफ्नो नजिकको फोहोरको उचित व्यवस्थापन, खानपान र पूर्ण सरसफाईमा विशेष ध्यान दिन सकेमा र यदी समस्या नै परिहालेमा आफ्नो समस्याको उचित समाधानको लागी बिशेषज्ञ संगको परामर्श लिने हो भने गर्मी तथा बर्षादको समयमा देखिने पानीजन्य रोगबाट सजिलै घरयासी तहबाट पनि बच्न तथा जोगिन सकिन्छ।

## रोल्पामा...

बाख्रा र बंगुर पालनबाट छोटो समयमै प्रतिफल आउने भएकाले किसानहरू त्यतातिर आकर्षित भएको बताइन्छ।

रोल्पामा भेडा बाख्रा र वंगुरको संख्या वृद्धी भएसँगै जिल्ला मासुमा आत्म निर्भर बनेको छ। खाद्यान्न, दूध र अण्डामा परनिर्भरता झेलिरहेको रोल्पा मासुमा भने आत्मनिर्भर बन्दै गएको छ। भेनरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र रोल्पाको तथ्यांकले रोल्पा मासुमा आत्मनिर्भर बन्दै गएको देखाएको हो।

रोल्पामा ७० प्रतिशत अण्डा, २२ प्रतिशत दुध र ९३ प्रतिशत माछा अपुग हुँदा मासुमा भने आत्मनिर्भर भई जिल्ला वाहिर समेत निर्यात हुन थालेको छ। मासुका लागी वोईलर कुखुरा जिल्ला वाहिरवाट आयात गर्नुपर्ने भएपनि खासी, वोका र बंगुर भने निर्यात हुने गरेको भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र रोल्पाको दाबी छ। मासुका लागि पालिने खसी, बोका र बंगुर निर्यात गरेर रोल्पाका किसानले मनग्ये आमदानी गरिरहेको कार्यालय को दाबी छ।

रोल्पाका किसानले गत वर्ष जिल्ला वाहिर खसी बोका निर्यात गरेर २२ करोड ३८ लाख ५३ हजार रूपैयाँ आम्दानी गरेका छन्। भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रको तथ्यांक अनुसार रोल्पाका किसानहरूले सो वर्ष तेह्र हजार ५६७ वटा खसी बोका जिल्ला बाहिर निर्यात गरेका थिए।

सोही वर्ष जिल्लाबाट करिब १ हजार वंगुर निर्यात भएका थिए। वंगुर निर्यातबाट रोल्पाका किसानले करिब ३ करोड आम्दानी गरेका थिए। भेडाको १ हजार ५०० किलो उनबाट ७ लाख ५० हजार आम्दानी भएको भेटरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र रोल्पाको अभिलेखमा उल्लेख छ।

रोल्पा पशुपालनको दृष्टिले उर्वर भएको भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र रोल्पाका वरिष्ठ पशु विकास अधिकृत डा. शंकर न्यौपानेको भनाइ छ। किसानहरूमा संस्थागत ढंगले अभिलेख राख्ने कुराको कमी हुँदा हरेक वर्ष उनीहरूलाई उत्पादनमा आधारित अनुदान दिन नसकिएको न्यौपानेको भनाई छ। मासुमा अनुदान दिने गरी कार्यक्रम आउने गरेको र किसानहरूको व्यवस्थीत अभिलेख नहुँदा त्यस्तो वजेट फिर्ता हुने समस्या रहेको डा.न्यौपानेको भनाइ छ। लम्कि स्कृनका कारण अघिल्ला वर्षहरूमा रोल्पामा चार हजार बढी पशु मर्दा समेत जिल्लामा पशुको संख्या घट्न गएको उनको। समयमा आउने रोगव्याधले पशुको संख्या घट्ने गरेको विज्ञ केन्द्रको भनाइ छ।

जिल्लामा यतिधेरै पशुपालन भएपनि पशुधनको सुरक्षणमा भने खासै चासो देखिँदैन। किसानको पशुधनको सुरक्षणका लागि पशु बीमा कार्यक्रम लागू भएपनि यहाँका निकै कम पशुको मात्रै विमा गरिएको छ। जिल्लामा ६८७ वाख्रा, ६४ भैंसी, १२ गाईगोरु, ९ बंगुर र २ भेडागरी ७७४ पशुधनको मात्रै विमा गरिएको भेटरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्रको अभिलेखमा उल्लेख छ।

## थुनामै...

सर्वोच्चले पनि उनलाई थुनामै राखेर मुद्दाको पूर्पक्ष गर्न आदेश दिइसकेको छ। रबिकै उक्साहटमा गितेन्द्रबाबु जीबी राईले पाँचभन्दा धेरै सहकारी संस्थाको करोडौं रूपैयाँ गोर्खा मिडिया नेटवर्क प्रालिअन्तर्गतको ग्यालेक्सी टेलिभिजनमा अवैध रूपमा लगानी गरेको कुरा संसदीय समिति र नेपाल प्रहरीको अनुसन्धानले पनि पुष्टि गरिसकेको छ। यस प्रकरणमा रवि मुख्य योजनाकार रहेको भन्दै अनुसन्धान अघि बढाएर मुद्दा चलाइएको थियो।

### मानवअधिकार टोलीले भेटाएन एसी

सहकारीको करोडौं रूपैयाँ ठगी आरोपमा भैरहवा कारागारमा थुनामा रहेका राष्ट्रिय स्वतन्त्र पार्टीका सभापति रवि लामिछानेलाई राष्ट्रिय मानवअधिकार आयोगको टोलीले सोमबार भेट गरेको छ।

हालैका दिनमा लामिछानेको स्वास्थ्य र कारागारभित्रको अवस्थाबारे विवादित समाचारहरू बाहिरिएपछि आयोगकी सदस्य लिली थापा, लुम्बिनी प्रदेश प्रमुख हरि ज्ञवाली, इन्सेक रूपन्देही प्रतिनिधि रिमा बिसी लगायतको टोली कारागार पुगेको हो।

टोलीले लामिछानेलाई राखिएको ४ नम्बर ब्लकको अवस्था प्रत्यक्ष अवलोकन गरेको थियो। झ्याल बन्द गरिएको कोठामा दुईवटा पंखा राखिएको भेटिएको आयुक्त थापाले बताइन्। एउटा विवाह समारोहमा प्रयोग हुने ठूलो पंखा र अर्को स्ट्यान्ड पंखा राखिएको उनले बताइन्।

## ३६ बर्षमा...

वर्षे धान मात्र होईन, हिउँदे धानपनी उत्पादन हुन्छ, पाण्डेले भने 'बारीलाई खेत बनाएर धान रोपिएको छ।' यो उदाहरण पात्र मात्र हो। ठूलापोखरामा चौवाटार सिँचाई योजनाबाट २ सय २० घरधुरीका १४ सय ५० जना प्रत्यक्ष लाभान्वित भएको उपभोक्ता समितिका अध्यक्ष धनिश्वर पाण्डेले भने 'जरेखोला मिलमिलेबाट सेरीखोलासम्म ८ हजार २ सय मिटर लम्बाई रहेको यस सिँचाइ योजना ८ करोड ३९ लाखको लागतमा सम्पन्न भएको हो।' सिंचाई आयोजनामा अझै शाखा कुलाहरू बनाउन बाँकी छ, डिपीआर अनुसारको काम भएको छ, पखेराको बाटो कुलो फाँटमा ल्याउँदा स्थानीय कृषकहरूलाई सहज भयो।'

चौवाटार सिंचाई आयोजना जस्तै अर्घाखाँचीमा ३ हजार १ सय १८ हेक्टर जमिनमा सिँचाइ सुविधा पुगेको छ। जिल्लामा ८ हजार ५ सय ४४ हेक्टर सिँचाइ योग्य जमिन रहेकोमा ३६.४९ प्रतिशत जमिनमा सिँचाइ सुबिधा पुगेको जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय अर्घाखाँचीका डिभिजन प्रमुख भेषराज भुसालले बताए।

जिल्लामा २१ हजार २ सय ४७ हेक्टर जमिनमा खेती गरिँदै आएको छ। जसमध्ये ८ हजार ५ सय ४४ हेक्टर सिँचाइ योग्य जमिन रहेकोमा ३ हजार १ सय १८ हेक्टर क्षेत्रफलमा सिँचाइ सुबिधा पुगेको डिभिजन प्रमुख भुसालको भनाइ छ। एक वर्षको अवधिमा १ सय २३ वटा सिँचाइका योजना सम्पन्न भएका हुन्, प्रमुख भुसालले भने 'आर्थिक वर्ष २०८१/८२ मा जिल्ला भरमा रहेका १ सय ३३ मध्ये १ सय २३ वटा योजना सम्पन्न गरेको, २ वटा कार्यान्वयनको चरणमा रहेको र ८ वटा योजना मापदण्ड अनुसार नभएकाले ती योजनामा काम गरिएको छैन।'

जिल्लाको सरकारी कार्यालय अर्न्तगत सिंचाई कार्यालयले जेठ मसान्तसम्ममा कार्यालयमा काम सम्पन्न भई पेश भएका योजनाको भुक्तानी गरेको हो, गत आर्थिक वर्षमा कार्यालयको कुल बजेट १६ करोड ७५ लाख मध्ये १४ करोड ४९ लाख ४५ हजार खर्च गरी भौतिक प्रगति ९७.९९ प्रतिशत र वित्तीय प्रगति ८६.५३ प्रतिशत रहेको कार्यालयका लेखापाल शिवहरि खनालले जानकारी दिएका छन्।

कार्यालयल समयमै उत्कृष्ट कार्यसम्पादन गर्ने अर्घा कन्स्ट्रक्सन, समयभन्दा अगावै उत्कृष्ट कार्य सम्पादन गर्ने लुम्बिनी निर्माण सेवा, उत्कृष्ट रूपमा योजना कार्यान्वयनमा ल्याउने चौबाटार जलस्रोत उपभोक्ता समितिलाई सम्मान गरेको छ।

लुम्बिनी प्रदेश सरकार मार्फत विनियोजन भएको रकमको भरमा जिल्लामा सिंचाई योजनाका कामहरू अगाडी बढेका छन्। चालु आर्थिक वर्ष अर्घाखाँचीमा शितगंगा नगरपालिकामा सिंचाई तथा तटबन्धन योजनामा ७ करोड ६२ लाख, सन्धिखर्क नगरपालिकामा ३ करोड ७२ लाख, भूमिकास्थान नगरपालिकामा १ करोड ६० लाख, मालारानी गाउँपालिकामा ३० लाख, पाणिनी गाउँपालिकामा ७० लाख र छत्रदेव गाउँपालिकामा १ करोड ६३ लाख गरी जम्मा १५ करोड ६७ लाख बजेट विनियोजन भएको छ।

सिंचाई कार्यालयका प्राविधिक अधिकृत रामजी भट्टराईले भने 'चालु आर्थिक वर्षमा १०० योजना प्रदेश सरकारबाट विनियोजन बजेटमा छन्, सबैभन्दा ठूलो आयोजना विशेष अनुदान अर्न्तगतको शितगंगाको पावरटार सिचाई आयोजना हो, ३ करोडमा काम हुदैंछ।' ९ करोड ५० लाख लागत स्टीमेट रहेको पावर सिचाँइ योजना बहुवर्षे हो, आगामी वर्षपनि निरन्तर हुन्छ, जिल्लाका अन्य सबै योजनाहरू जेठ मसान्तअगाडी नै सम्पन्न गर्नेगरी काम सुरु गर्छौं, भट्टराईले भने 'अब कार्यान्वयन चरणमा लाग्छौं।' सबैभन्दा बढी शितगंगा नगरपालिकामा ३१ योजना र सबैभन्दा कम मालारानी गाउँपालिकामा ३ वटा सिचाई तथा तटबन्धन योजनाहरू रहेका छन्। सन्धिखर्कमा ३०, भूमिकास्थानमा १६, पाणिनीमा ६ र छत्रदेवमा १४ योजना रहेका छन्।

## लालपूर्जाले...

लालपुर्जा हस्तान्तरणका लागि भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्री बलराम अधिकारी स्वयं गाउँमा पुगेका थिए। उनीसँगै गाउँका बुढापाका, बालबालिका, महिला-सबैको नजर एउटा रातो कागजमा टाँसिएको थियो, जसले उनीहरूको दशकौंको पर्खाइ टुङ्ग्याएको छ।

यस्तै अर्का हरिराम थारुको पीडा पनि उस्तै थियो। उनले भने "दशककौं देखिको सपना साकार भएको छ। माटोलाई संरक्षण गर्दै बसेपनि अधिकार भने शून्य थियो। अब हामीले उपभोग गर्दै आएको जग्गा आफ्नै नाममा लेखाउन र देख्न पाइयो।"

नापी प्रक्रिया असार २९ मा सुरु भई साउन १ गतेसम्म पूरा भयो। एक हप्ते दाबी-विरोध र १५ दिनको राजस्व दाखिला समयसीमा भित्रै सबै काम सकियो। बाणगंगा नगरपालिकाको मोतिपुर डाँडामा त नापी प्रक्रिया मात्र एक सातामा सम्पन्न भएको थियो, जसका २८ घरधुरीले पनि लालपूर्जा पाए।

मन्त्री अधिकारीले भने "यो वर्ष ५ लाख घरधुरीलाई लालपूर्जा वितरण गर्ने हाम्रो लक्ष्य छ। करिब १५ लाख घरधुरीलाई यो अन्तिम आयोगमार्फत प्रमाणपत्र दिने तयारी छ।" कानुनबारे फैलिएका हल्ला–जस्तै वन मास्ने, भू-माफियालाई दिने, मिलेमतो गर्नेलाई असत्य भन्दै उनले स्पष्ट पारे।

यसैबीच गाउँपालिका अध्यक्ष गोपाल बहादुर थापाले भने "भूमिहीन सुकुम्बासीलाई जति सकिन्छ छिटो लालपूर्जा वितरण गर्न हामी प्रतिबद्ध छौं।" अब यी लालपूर्जाहरू करिब दुई महिनाभित्र मालपोत कार्यालयमा दर्ता (स्रेस्ता कायम) हुनेछन्। यहि सातादेखि मायादेवी गाउँपालिकाका २ हजार घरधुरीलाई पनि लालपूर्जा वितरण गर्ने तयारी भइरहेको नापी कार्यालयका प्रमुख जनक भण्डारीले जनाए।


### कम्पनीको नाम परिवर्तन भएको सम्बन्धी सुचना

यस कम्पनीको मिति २०८१/०४/२९ को संचालक समितिको निर्णय र कम्पनी रजिष्ट्रार कार्यालय काठमाण्डौको मिति २०८१/०५/२८ च.नं. ११९८६ को पत्र बमोजिम यस कम्पनीको साविकमा भए गरेको काम कार्बाहीको उत्तरदायित्व र जिम्मेवारी कम्पनी र कम्पनीका संचालकहरुको रहने गरी यसै कम्पनीको मिति २०८१/०४/३१ मा सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी (शिरीष मेडिसेल्स प्रा. लि., Shirish Medisals Pvt. Ltd.) को नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर दायित्व आदि परिवर्तित नाम (शिरीष मेडिसेल्स प्रा. लि., Shirish Medisales Pvt.Ltd) को कम्पनीले सकार्ने व्यहोर्ने व्यहोरा सवैमा यसै सुचना द्वारा जानकारी गराईन्छ।

**साविकको नाम:** शिरीष मेडिसेल्स प्रा. लि., Shirish Medisals Pvt. Ltd.
**हालको नाम:** शिरीष मेडिसेल्स प्रा. लि., Shirish Medisales Pvt. Ltd.
**कम्पनीको दर्ता नं.:** २१७२७२-७५/७६
**कम्पनीको ठेगाना:** बुटवल उप-महानगरपालिका वडा नं. ६, रुपन्देही

### कर्जा चुक्ता भुक्तानी गर्ने सम्बन्धी ३५ (पैतिस) दिने अत्यन्त जरूरी सूचना

(प्रकाशित मिति २०८२ साल साउन महिना २७ गते मंगलबार)

यस विकास बैंकको शाखा कार्यालय बुटवलबाट तपशिलमा उल्लेखित ऋणीहरुले साधारण कर्जा शीर्षक अर्न्तगत लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर समेत तिर्ने बुझाउने सम्बन्धमा बैंकसंग गरेको शर्त कबुलियत उल्लंघन गर्नु भएको र बैंकबाट पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत सो कर्जाको तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज तथा हर्जाना समेत चुक्ता भुक्तान गर्न आउने तर्फ कुनै चासो नदेखाउनु भएको र नआउनु भएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैतिस) दिन भित्रमा बैंकलाई तिर्न बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तान गर्न आउनुहुन यो सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र यस संस्थामा सम्पर्क राखी संस्थाबाट लिएको कर्जाको सम्पूर्ण सावां, ब्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान गर्नु होला। उक्त अवधि भित्र तपाईले यस संस्थाबाट लिएको कर्जाको साँवा, ब्याज र अन्य दै दस्तुर चुक्ता भुक्तान नगरेमा तपाई तथा तपाईको एकाघरसंगोलका अंशियार सदस्यहरुको नाममा रहेको चल अचल सम्पत्ति बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ उपदफा १ ले दिएका अधिकार प्रयोग गरी लिलाम बिक्री गरी संस्थाले आफ्नो सम्पूर्ण लेना रकम असुल उपर गरी लिने व्यहोरा अवगत गराउंदछौं। सो मार्फत पनि संस्थाको सम्पूर्ण लेना रकम असूल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, बैंक तथा वित्तीय संस्था ऋण असूली ऐन २०५८ र सोको नियमावली तथा प्रचलित कानून अनुसार ऋणी तथा व्यक्तिगत धनजमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पत्तिबाट बांकी साँवा, ब्याज हर्जाना तथा अन्य दै दस्तुर असूल उपरका लागि अन्य कानूनी प्रकृया अगाडी बढाईने व्यहोरा ऋणी तथा धनजमानीकर्ताहरु तथा सम्बन्धित सबैलाई यो सूचना मार्फत सूचित गरिन्छ। साथै उक्त अवधि भित्र कर्जा चुक्ता नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ को उपदफा ११ अनुसार ऋणी र व्यक्तिगत धनजमानीकर्ताको तीन पुस्ते विवरण कर्जा सूचना केन्द्र लि.को कालो सूचीमा नाम समावेश गरिने व्यहोरा समेत जानकारी गराईन्छ।

तपशिल

| १) ऋणीको विवरण |
|---|
| कृष्ण बहादुर नेपालीको नाति पदम बहादुर नेपालीको छोरा पाल्पा जिल्ला पालुङमैनादी वडा नं. ४ हाल, रुपन्देही जिल्ला बुटवल उ.म.न.पा. वडा नं. १३ बस्ने **सुरेश नेपाली** (ना.प्र.नं. : ३९१०३४/२२० जारी मिति र जिल्ला : २०६५/११/०८, पाल्पा) |
| **व्यक्तिगत धनजमानीकर्ताहरुको विवरण** |
| १) हुम बहादुर नेपालीको छोरी पदम बहादुर नेपालीको बुहारी सुरेश नेपालीको पत्नी पाल्पा जिल्ला पालुङमैनादी वडा नं ४ हाल, रुपन्देही जिल्ला बुटवल उ.म.न.पा. वडा नं. १३ बस्ने **सुस्मिता नेपाली** (ना.प्र.नं. : ३९३०३४/६१ जारी मिति र जिल्ला : २०७०/०२/२७, पाल्पा) |
| २) मन बहादुर दमाईको नाति भीम बहादुर दमाईको छोरा गुल्मी जिल्ला मुसिकोट न.पा. वडा नं ७ हाल, रुपन्देही जिल्ला बुटवल उ.म.न.पा. वडा नं. १३ बस्ने **बाबुराम दमाई** (ना.प्र.नं. : ५१ जारी मिति र जिल्ला : २०६१/०१/२१, गुल्मी) |
| **२) ऋणीको विवरण** |
| मन बहादुर प्रधानको बुहारी विजय कुमार प्रधानको पत्नी रुपन्देही जिल्ला बुटवल वडा नं ४ हाल, बुटवल उ.म.न.पा. वडा नं. २ बस्ने **चनु प्रधान** (ना.प्र.नं. : ३०९८३ जारी मिति र जिल्ला : २०६२/०२/३१, रुपन्देही) |
| **व्यक्तिगत धनजमानीकर्ताको विवरण** |
| मन बहादुर प्रधानको नाति बिजय कुमार प्रधानको छोरा रुपन्देही जिल्ला बुटवल उ.म.न.पा. वडा नं. २ बस्ने **बिपेश प्रधान** (ना.प्र.नं. : ३७-०२-७५-०१३०६ जारी मिति र जिल्ला : २०७५/०२/१५, रुपन्देही) |
| **३) ऋणीको विवरण** |
| वल बहादुर थापाको छोरी भुवन सिंह रानाको बुहारी पुर्ण बहादुर रानाको पत्नी स्याङ्जा जिल्ला विर्घा वडा नं ७ हाल, रुपन्देही जिल्ला बुटवल उ.म.न.पा. वडा नं. ११ बस्ने **सरिता थापा** (ना.प्र.नं. : ८२८५ जारी मिति र जिल्ला : २०५९/०६/०५, स्याङ्जा) |
| **व्यक्तिगत धनजमानीकर्ताको विवरण** |
| भुवन सिंह रानाको नाति पुर्ण बहादुर रानाको छोरा बाँके जिल्ला नेपालगञ्ज उ.म.न.पा वडा नं १८ हाल, रुपन्देही जिल्ला बुटवल उ.म.न.पा. वडा नं. ११ बस्ने **अमृत राना** (ना.प्र.नं. : ६६-०१-७५-०००५६ जारी मिति र जिल्ला : २०७५/०१/०४, बाँके) |

"नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्र प्राप्त राष्ट्रिय स्तरको विकास बैंक"

मुक्तिनाथ विकास बैंक लि.
MUKTINATH BIKAS BANK LTD.
Winner of EUROPEAN MICROFINANCE AWARD 2020
Central Office: Lazimpat, Kathmandu, Tel.: 01-5970887, Toll Free No. (NTC): 16600149999,
Toll Free No. (Ncell): 18102149999, E-mail: info@muktinathbank.com.np, Web: www.muktinathbank.com.np
जनता बैंकमा होइन, बैंक जनतामा जानु पर्दछ